नेपाल सरकार
उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय
# उद्योग विभाग
त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

उद्योग र रोजगार: समृद्धिको आधार
छैटौं राष्ट्रिय उद्योग दिवस, २०७७

## शुभकामना मन्तब्य

समृद्ध नेपाल र सुखी नेपालीको दीर्घकालीन सोंच प्राप्ति गर्ने महत्वपुर्ण आधार देशको औद्योगिक विकास हो। आन्तरिक स्रोतसाधन, पूँजी, प्रविधि, श्रम तथा सीपको भरपुरउपयोग गरी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न सकेमा देशलाई समृद्ध बनाउन सकिन्छ। तुलनात्मक लाभका क्षेत्रमा लगानी बढाई रोजगारी सिर्जना, आयात प्रतिस्थापन र निर्यात प्रर्वधन गर्नु आजको आवश्यकता हो। स्वदेशी लगानीलाई थप प्रोत्साहित गर्नुका साथै प्रत्यक्ष विदेशी लगानी आकर्षित गरी उद्धमशील संस्कृतिको विकास आजको अपरिहार्यता बनेको सन्दर्भमा अन्तरप्रदेश र संघबीच समन्वय स्थापित गराई औद्योगिक विकासलाई गतिशीलता प्रदान गर्ने दायित्व हामीमाझ रहेको छ।

औद्योगिक लगानीलाई थप सहज बनाउन र लगानीमैत्री प्रशासन मार्फत उद्योगी, व्यवसायीलाई सबै प्रकारका सेवा एउटै स्थानबाट उपलब्ध गराउन उद्योग विभागवाट एकल विन्दु सेवा केन्द्र मार्फत उद्योग दर्ता, विदेशी लगानी स्वीकृति, व्यवसायिक भिषा सिफारिस जस्ता काममा सहजीकरण गर्नुका साथै प्यान दर्ता, एक्जिम कोड सिफारिस, प्रारम्भिक वातावरणीय मूल्यांकन, विदेशी लगानी फिर्ता सिफारिस र विदेशी विनिमय सहजीकरण गर्ने कार्य भैरहेका छन्।

यस विभागमा गत चैत्र महिनादेखि चालु वर्षको कार्तिक मसान्तसम्म ११६ वटा उद्योग दर्ता भई जम्मा ९१ अर्व २६ करोड लगानीको प्रतिवद्धता प्राप्त भएको छ। कोभिड १९ को प्रतिकूल परिस्थितिमा यो लगानी अपेक्षित नभएपनि पूर्ण निरासाजनक भने छैन। औद्योगिक बौद्धिक सम्पत्तिको संरक्षण गर्नेको संख्यामा बृद्धि, लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रबाट उद्यमशीलता तथा सीपमूलक तालिम प्रदान, अनलाईन रजिष्ट्रेशनको प्रारम्भबाट सेवा प्रवाहमा प्रकृयागत सरलीकरण भएको छ। यस विभागको काम कारवाहीलाई स्वचालित विद्युतीय प्रणालीमा परिणत गर्ने गरी प्रक्रियाको थालनी भएकोले आगामी दिनमा गुणस्तरीय तथा शिघ्र सेवा सुविधा उपलब्ध गराउन सकिने प्रतिवद्धता व्यक्त गर्दछु।

अन्तमा, राष्ट्रिय उद्योग दिवस २०७७ को उपलक्ष्यमा उद्योगी, व्यवसायी, लगानीकर्ता, औद्योगिक मजदुर तथा कर्मचारीवर्ग लगायत सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

मिति: २०७७।०८।०९

जीवलाल भुसाल
महानिर्देशक
उद्योग विभाग